# उदयपुर जिल्ला र त्यहाँका आदिवासी जाति मगरहरू

## भू बनोट

चुरे पहाडै पहाडको चट्टानले घेरिएको सप्तकोशी नदीले अंगालो मारीरहेको प्राकृतिक सौन्दर्यताले भरिपूर्ण उदयपुर जिल्ला । सालको रूखहरूले चारैतिरबाट घेरेर मनमोहक दृश्य देखिने हरियो फाँटहरू कतै प्रकृतिले नै उपहार दिएको त हैन भन्ने भान हुन्छ । त्रियुगा नदि लमतन्न भएर रौतहाको शिरदेखि लिएर कोशी धामसम्म फैलिई सुनिरहेको छ । यो नदि पहाडी भेगको नामन्त भन्ने लेकको पश्चिमी भेगबाट शुरू भई दक्षिण पुर्व हुँदै जिल्लाको पुर्वी सिमाना सप्तकोशीमा समिश्रण हुन पुगेको छ । नेपालको नदिनाला मध्ये निकै ठूलो मानिने त्रियुगाले साँच्चै गंगानदीको संझना गराउँछ । उदयपुरको परिधीमा मितेरी गाँस्न पुगेका छिमेकी जिल्लाहरू धनकुटा, सुनसरी, सप्तरी, सिराहा, धनुषा, सिन्धुली, ओखलढुङ्गा, खोटाङ र भोजपुर गरी जम्मा नौवटा जिल्लाहरूको सिमानाले छोई सगरमाथा अञ्चलको भित्री मधेसमा अवस्थीत रहेको छ । यस जिल्लाको चित्र हेर्दा मातृभूमी नेपाल आमा कै छोरी जस्तै काटीकुटी भन्न सुहाउँछ । पुर्वबाट सुकेर पश्चिमतिर फुकी लम्पसार परेर तन्किएको छ । अनि यहाँका आदिवासी जातिहरूमा मगर, थारू, राई, तामाङ, दनुवार, मुसहर, माझी, ठकुरी आदि रहेको पाईन्छ, ब्राह्मण, क्षेत्री, जैसी, दमाई, कामी, मुसहर यसको अलवा क्रममा पर्दछन्, लिम्बू, शेर्पा, भोटे, गुरूङहरूको त्यति घनावस्ती रहेको पाइन्दैन । यस जिल्लाको पहाडी क्षेत्रमा प्राचीन कालदेखिनै विशेष गरी मगरहरूको बसोबास रहदै आएको छ । जुन ठाउँमा जुन जातिको प्रथम आगमन हुन्छ, त्यहाँ त्यसै जातिले आफ्नै भाषामा आफ्नो बसाई संगै नामाकरण गरेको हुन्छ । प्रायश:- गाउँ, ठाउँ, खोल्सा, खोला-नाला इत्यादीको नामाकरण मगर भाषामै रहेको छ ।

## मगर भाषामा भौगोलिक नामाकरण :

१. ईनामे गाउँ - (तरूल गाउँ), २. झीरू डाँडा - (कटटूस डाँडा), ३. हूप बाँस - (बासुँघारीको बाँस), ४. हूपटार - (बाँस टाहार), ५. कूरगीनटार - (टाँकी हान्हार), ६. गीजीन टाहार - (खर टाहार), ७. झाकोट गाउँ - (माटो गाउँ), ८. आरघुटाहार - (निगालो टाहार), ९. रार्धुभञ्ज्याङ - (बाध भञ्ज्याङ), १०. लाफा गाउँ - (साथी गाउँ), ११. दानसीटाहार - (सल्लो टाहार), १२. नामेटाहार - (तरूल टाहार), १३. तामेलुडटाहार - (तामेढुगा टाहार), १४. मोचावारी - (केरावारी), १५. राङभाङ टाहार - (अल्लो सिस्नु टाहार), १६. गुमानसींटाहार - (उत्तीस टाहार), १७. फोक्सीन टाहार - (साल टाहार), १८. सार्की गराहा - (सार्कीले विराएको खेत), १९. छीम्डुङ खोला - (ढिकी कुट्ने खोला), २०. लुंगी (उंकी टाहार) - (बस्ने टाहार), २१. यसमाली खोल्सा - (यसमाली मगरले खेती गरेको ठाउँ), २२. हरीन राहा (हडिया) - (हरिन आयो), २३. खैराहा - (खोई आयो), २४. इलाराहा (इक्राहा) - (यहाँ आयो), २५. रौटाहा - (माया पुग्यो) । (लाफा बर्ष १, अंक ६)

## भौगोलिक अवस्थीति :

यस जिल्लाको क्षेत्रफल २,२७२ वर्ग किलोमिटर छ । भौगोलिक सीमा ८६९' देशान्तर पूर्वदेखि ८७ १०' सम्म र अक्षांस २६ ३९' उत्तरदेखि २७.११' भित्र पर्दछ । २०१९ सालदेखि २०२८ सालसम्म मगरहरूको जनसंख्या ६५% रहेकोमा (श्री दानबहादुर घले मगरको सौजन्यताबाट ) २०३८ सालको जनगणना अनुसार कुल जनसंख्या १,५९,८०५ थियो । त्यसमध्ये ७,३८४ मगरको जनसंख्या ४.६२% देखाइएको छ, भने २०४८ सालको जनगणनामा कुल जनसंख्या २,२१,२५६ रहेको र मगरहरूको संख्या ३१,६१० मा १४.२८% देखाएको छ । (राष्ट्रिय जनसंख्या आयोगबाट साभार) जनगणनाले तथ्य जनसंख्या पेश गर्न सकेको छैन । २०४८ सालको जनगणनाले मगरहरूनै बढि रहेको देखाईएको छ । यसले के प्रमाण पुऱ्याउँछ भने उदयपुर जिल्ला मगरहरूको घनावस्ती भएको ठाउँ हो हाल यो जिल्लालाई राजनैतिक विभागीकरण अनुसार २ क्षेत्रमा विभाजन गरीएको छ । यहाँ ४७ गा. वि. स. रहेको छ । हालको सदरमुकाम विगत २०२८ साल जेष्ठ ९ गते गाइघाट बोक्सेमा सारिएको थियो र हालसम्म त्यही अवस्थित रहेको छ, सो भन्दा पुर्व सदरमुकाम उदयपुरगढीमा रहेको थियो । पुर्व पश्चिम दुवै तर्फको जनताको मर्कालाई ध्यानमा राखी सदरमुकाम सारिएको पाइन्छ । हाल पुर्व पश्चिम भेगका जनताहरूले सदरमुकाम आई पुग्न २०, २१ कोश पैदल यात्रा गर्नु पर्दछ । केहि वर्ष यता देखि यातायातको सुविधाले गर्दा केही मात्रामा दक्षिणी भेगका जनताहरूलाई सुविस्ता पुगेको देखिएतापनि पहाडी भेगका जनताहरूलाई भने पैदल यात्रानै गर्नु पर्दछ । यो जिल्ला समुन्द्री सतहबाट १ देखि ८ हजार फिटसम्मको उचाईमा रहेको छ ।

## मगर जातीय जनजीवन :



यहाँका आदिवासी मगरहरूको आर्थिक जिवीकोपार्जनको प्रमुख स्रोत कृषिमा नै आधारित छ । मकै, कोदो, धान, फापर, जौ, आलु, पिडाँलु सुठुनी भटमास, बोडी, जुनेलो आदिको खेती गरिन्छ । पशुपालनमा गाई, गोरू, बाख्रा, खसी, सुंगुर, राँगा, कुखुरा आदी छन् । मगरहरू अति मिलनसार सहयोगी भावना राख्दछन्, छल कपटाई गर्न जान्दैनन् । फुर्सदको समयमा ढाकरबोकी रूपैयाँ आर्जन गर्दछन् । आर्थिक समाधान घरपालुवा जनावरहरू खसी, बाख्रा, गाई, गोरू, सुंगुर लगायत सुन्तला, नासपाती, केरा, घ्यू बेचेर पुर्ति गर्दछन् ।

... विदेशमा पनि गएको पाइन्छ । श्री ५ को सरकारको शिक्षा कार्यालय अन्तरगत मगर पुरूषहरू ३.८९% र महिलाहरू ०.५६% दुवैगरी शिक्षक पेशामा ४.४७% रहेको पाइन्छ । S.L.C., I.A., I.L., B.A., B.L. उतिर्ण भएको जोड्ने हो भने मगर समाजमा ६५% शिक्षित छन् हाल (M.A.) दोस्रो वर्षमा अध्यनरत श्री थोप बहादुर खपाङ्गी मगर (टी.वी.) मात्र हुनुहुन्छ । शिक्षक पेशामा संलग्न स्थायी मगर शिक्षकहरू मा. वि. स्तरमा एउटै रहेको छैन, नि. मा. वि. मा २ जना शिक्षक रहेको छ । बाँकी सबै प्रा. वि. स्तरका शिक्षकहरू रहेको छ । निम्न स्कूलहरूमा मगर शिक्षकहरू रहेको पाइएको छ । उदयपुर जिल्लामा कार्यरत स्थायी शिक्षकको नामावली:- (जिल्ला शिक्षा कार्यालय उदयपुर गाइघाट सौजन्यता)

| | | | | | |
|---|---|---|---|---|---|
| १. पवित्रा कुमारी पुर्वछाने | प्रा. वी. | कटुन्जे पावाखोला | २८. मोहनबहादुर लायो मगर | " " | भारतजौ, पावुँ |
| २. नन्द कुमार मगर | " " | नामे डाँडा | २९. दिलबहादुर आले मगर | " " | रानीवास, रौताहा |
| ३. मानबहादुर " | " " | पंचावती | ३०. टंकबाहादुर थापा मगर | " " | डील्लीवर |
| ४. चेतबहादुर " | " " | छाम्लीड | ३१. हीमालकुमार लामीछाने मगर | " " | साउने |
| ५. देवीबहादुर " | " " | बेतेनी | ३२. मीनबहादुर मगर | " " | धापलाङ |
| ६. हुकुमबहादुर राना " | " " | चीलाउने, भञ्ज्याड | ३३. ध्रुवबहादुर मगर | " " | सीघरेटी |
| ७. खेशबहादुर गरडजा मगर | " " | जल्केनी | ३४. रितबहादुर मगर | " " | सावा, सिद्धीपुर |
| ८. भीमबहादुर मगर | " " | नेपालटार | ३५. ढकबहादुर मगर | " " | सावा सिद्धीपुर |
| ९. रमेशकुमार खपाङ्गी मगर | " " | चुलाढुंगा | ३६. नर्वदा घले मगर | " " | कालीखोला त्रिवेणी |
| १०. जनकबहादुर मगर | " " | सल्ले | ३७. विमला घले मगर | " " | कालीखोला त्रिवेणी |
| ११. रूद्रबहादुर लायो मगर | " " | मालवासे | ३८. मित्र थापा मगर श्री जोती उच्च मा. वि. वेलटार | | |
| १२. हस्तबहादुर मगर | " " | कालीखोला, बगाहा | ३९. राज बहादुर राना मगर श्री जनता नि. मा. वी. | | जहडा |
| १३. गौरबहादुर मगर | " " | कुनाही | ४०. मानबहादुर राना मगर | " " | जहडा |
| १४. खम्वसिं थापा मगर | " " | कमारो, रातमाटे | ४१. मैयाँ राना मगर | " " | जहडा |
| १५. भीमबहादर पाचे मगर | " " | रातमाटे, बर्रे | ४२. गणेश राना मगर | प्रा. वि. | झिल्के पोखरी |
| १६. गौरबहादुर मगर | " " | रातमाटे, बर्रे | ४३. खडग राना मगर | " " | झिल्के पोखरी |
| १७. जुद्धबहादुर मगर | " " | हाडेवास | ४४. उमेश थापा मगर | " " | गुराँसे |
| १८. नारायण थापा मगर | " " | हाडेवास | ४५. अमृतबहादुर मगर | " " | सावा, सिद्धीपुर |
| १९. खगेन्द्रबहादुर मगर | " " | चीयावारी | ४६. कुमारी अंजना पाचे | " " | बाहुनीटार |
| २०. नेत्रबहादुर मगर | " " | सित्तले | ४७. चन्द्रबहादुर जर्घा मगर | " " | बाहुनीटार |
| २१. छविन्द्रबहादुर मगर | " " | नाडराहे | ४८. विरबहादुर आले मगर | " " | खाँवु, रानीबास |
| २२. महेन्द्रबहादुर रिखाम मगर | " " | चुहाडे, कालीखोला | ४९. भीमबहादुर आले मगर | नि. मा. वि. | मुर्कुची |
| २३. तीलकुमारी मगर | " " | रतनपुर | ५०. सुर्यबहादुर खपाङ्गी मगर | नि. मा. वि. | मुर्कुची प्राध्यापक |
| २४. हस्तबहादुर थापा मगर | " " | भोर्ले, टिस्कु | ५१. लोकेन्द्रबहादुर मगर | प्रा. वी. | मैनामैनी |
| २५. जीतबहादुर आले मगर | " " | वकपत्ती | ५२. विरेन्द्रकुमार मगर | मा. वी. | लाफागाउँ नि. मा वि. |
| २६. एबहादुर आले मगर | " " | वकपत्ती | ५३. मानबहादुर राना मगर | प्रा. वी. | पोखरे |
| २७. कनकबहादुर राना मगर | " " | रौताहा, नामता | ५४. खम्बबहादुर खपाङ्गी मगर | प्रा. वी. | पंचायती, जगरेटार |

महिला शिक्षक परिपुर्ति ग्रामीण परियोजनामा अस्थायी महिला शिक्षिकाहरू ३० जना मध्ये ३ जना मगर महिला शिक्षिका १०% रहेका छन् । महिला ग्रामीण परियोजना अन्तरगत अस्थायी शिक्षिकाको नामावली:-

| | | |
|---|---|---|
| ५५. भुवनकुमारी मगर | प्रा. वी | ओखेनी |
| ५६. ताराकुमारी थापा मगर | " " | माडीबास |
| ५७. राधाकुमारी आले मगर | " " | सिसुवा |

2014 12 31

जिल्लाको अधिकांस मगरहरू ९०% मातृभाषा बोल्दछन् । तर जनगणनाले तथ्य निकाल्न सकेको छैन । अझै भनु भने पहाडी भेगका बुढापाका मगरहरू खस कुरा बोल्न पनि जान्दैनन् । आफ्नै रहन सहन, पुरूषहरू भोटो, कछाड, धोती, टोपी, दौरा सुरूवाल, लगाउँछन् । भने महिलाहरू गुन्यू, चोलो, पछ्यौरा, सुनका, गहना, भड्वारी, बुलाकी, मुन्द्री ढुंग्री, नौगेडी, तिलहरी, लगाएर, पहिरीन्छ । रस्यौला ठट्यौली गरेको प्रायश: मगर बस्तीहरूमा पाइन्छ । युवा र युवतीहरूले रूमालमा बुट्टा भरेर नाम [illegible] लेखी मायाको चिनो भनी साटासाट गर्छन । दु:ख सुख के हो ? आफ्नै पाखुरीमा भुल्छन् । मेला हाटबजारमा सोरठी गीत गाउँछन्, विदेशमा मारूनी नाँच पनि मगर धनावस्ती भएको ठाउँमा नाचिन्छ । हुर्रा नाँच कतै-कतै धेरै वर्ष पहिला नाचिएको नाँच रहेछ, हाल यो नाच, धनकुटा, मोरङ जिल्लाको केरावारी डाँगी हाटमा प्रसस्त मात्रामा नाचिन्छ । साउने संक्रन्ती, माघे संक्रान्ती, तिहार, बैशाखेपुर्णिमा, जस्ता चाडहरू धुमधामसंग मनाउँछन् । यहांको मगरहरूको चलन धेरै वर्षदेखि चलिआएको भनि झाडरा (खोरी

चेलीले माइतिलाई थाहा नदिई पर पुरूषसंग घरजम गर्दछ भने माइतिले छोरी चेलीसंग २० धार्नी मासु, एक कठुवा रक्सी एक घ्याम्पा जाँड, खसी, एकमुरी चामल, एक थुम्से रोटी, माछा असुल्ने चलन) खाने चलन छ। शिक्षित युवा पिढीमा यो टाढै रहेको छ। तर पहाडी भेगमा भने मुख्य रित बनेको छ।

## मगर समाज जातीय समाजिक जागरण:

नेपाल मगर संघको तत्वाधानमा २०४९ कार्तिक २६ र २७ गते प्रथम जिल्ला सम्मेलन वेलटार बजारमा सम्पनन भएको थियो भने दास्रो जिल्ला सम्मेलन मुर्कुची बजारमा २०५० साल असोज १० गते सम्पन्न भई सकेको छ। जिल्ला सम्मेलनले चयन गरेका नेपाल मगर संघ जिल्ला कार्य समितिको निम्न पदाधिकारी रहनु भएको छ।

| | | |
|---|---|---|
| १. | अध्यक्ष | - पुर्णबहादुर केप्छाकी मगर (भलायोडाँडा) |
| २. | उपाध्यक्ष | - अम्बर बहादुर थापा मगर (कटारी) |
| ३. | सचिव | - खम्बरबहादुर मगर (बसाहा) |
| ४. | सह-सचिव | - मोहन घले मगर (गाइघाट) |
| ५. | सदस्य | - सु. रनबहादुर राना मगर (ठीकसीला) |
| ६. | " | - खिलबहादुर खपाङ्गी मगर (सिद्दीपुर) |
| ७. | " | - गणशेबहादुर मगर (सिद्दीपुर) |
| ८. | " | - गंगाबहादुर राना मगर (इनामे) |
| ९. | " | - लिलबहादुर मगर (लेखगाउं) |
| १०. | " | - ठाकुरबहादुर मगर (खोलागाउं) |
| ११. | " | - सुर्यबहादुर खपाङ्गी मगर (रौताहा) |
| १२. | " | - दिपबहादुर थापा मगर (ठोकसीला) |
| १३. | " | - एकबहादुर आले मगर (रिस्कु) |
| १४. | " | - मानबहादुर केप्छाकी मगर (तावाश्री) |
| १५. | " | - भेसबहादुर थापा मगर (सीरीसे) |
| १६. | " | - प्रेम खप्तरी मगर (मर्यांखु) |
| १७. | " | - मोहन मगर (सोरूङ छब्बिसे) |
| १८. | " | - देवबहादुर मगर (बसाहा) |
| १९. | " | - केशव आले मगर (बेलटार) |

भातृसंस्था अन्तरगत उदयपुर जिल्ला मगर विद्यार्थी तदर्थ समिति एक भेलाको रूपमा श्री ज्योती उच्च मा. वि. मा कार्तिक ५ गते गठन भएको थियो। उक्त समितिमा निम्न पदाधिकारीहरू रहेका छन्:

| | |
|---|---|
| १. अध्यक्ष | - श्री खिलबहादुर खपाङ्गी मगर |
| २. उपाध्यक्ष | - श्री यमबहादुर पुलामी मगर |
| ३. कोषाध्यक्ष | - सुश्री तारा थापा मगर |
| ४. सदस्य सचिव | - श्री रितबहादुर पुलामी मगर |
| ५. सदस्यहरू | - श्री हिमबहादर लुङ्गेली मगर |
| ६. " | - श्री रूद्रबहादुर लायो मगर |
| ७. " | - श्री केशव आले मगर |
| ८. " | - संजोग "लाफा" मगर |
| ९. " | - विरेन्द्र आले मगर |
| १०. " | - शम्सेर खपाङ्गी मगर |
| ११. " | - हरिबहादुर थापा मगर |

### सल्लाहाकार समितिमा

| | |
|---|---|
| १. | श्री राजबहादुर राना मगर |
| २. | श्री मित्र थापा मगर |
| ३. | श्री मानबहादुर राना मगर |
| ४. | श्रीमती राधा आले मगर |
| ५. | श्री खुशबहादुर थापा मगर |
| ६. | श्री हस्तबहादुर राना मगर |
| ७. | श्री हिमाल लामीछाने मगर |
| ८. | श्री मानबहादुर राना मगर "B" |
| ९. | श्री धुव खपाङ्गी मगर |
| १०. | श्री थोपबहादुर खपाङ्गी मगर |

बुद्धिजिवी मगरहरूमा एउटै घरको ओतमुनी बस्नुपर्ने आफ्नो धर्म,संस्कृति, भाषालाई भुल्नु भनेको आफ्‌ रगत देखि टाढीएको भान मगर दाजुभाइबाट सुन्नमा आएको छ। यस जिल्लामा मातृभाषामा पठाशाला स्थापना गरेर सञ्चालन गर्न पनि सकिने स्थिति रहेको छ। शायद निकट भविष्यमानै मातृभाषामा पाठशाला स्थापना हुने कुरा पनि थाहा भएको छ। यस जिल्लाका मगरहरूको निम्न थरहरू रहेको पाइएको छ। उदयपुर जिल्लामा बसोबास गर्ने मगर थरहरू : १. घले मगर २. गरडजा मगर ३. लुङ्गेली मगर ४. थापा मगर ५. लायो मगर ६. किङरीङ मगर ७. पुलामी मगर ८. पुर्वछाने मगर ९. रूवाले मगर १०. राना मगर ११. घागा मगर १२. जर्गा मगर १३. मसराङ्गी मगर १४. आछामी मगर १५. लामीछाने मगर १६. खपाङगी मगर १७. बुर्जा मगर १८. आले मगर १९. पाचे मगर २०. गुरमछान मगर २१. क्यापछाकी मगर २२. यस्माली मगर २३. सारू मगर २४. रैका मगर २५. मिरीङचीङ मगर २६. सुसुलीङ मगर २७. रखाल मगर २८. बलामपाकी मगर २९. पुन मगर ३०. थनाहा मगर ३१. समाल मगर ३२. दर्लामी मगर ३३. खपत्तरी मगर ३४. रिखाम मगर ३५. धोचोङ्गी मगर ३६. तोरोछाकी मगर ३७. लीमेल मगर ३८. खुलाल मगर ३९. पुर्वाँर मगर ४०. पिठाकोटे मगर ४१. गेलान मगर ४२. केरेपछाकी मगर ४३. लामा मगर ४४. कालिकोटे मगर।

राजनीतिको क्षेत्रमा पंचायत कालमा २ पटक उपसभापति हुनुभएका श्री दान ब. घले मगर क्षेत्र नं. २ का क्षेत्रीय सदस्य श्री पूर्ण बहादुर क्यापछकी मगर (बर्तमान नेपाल मगर संघ जिल्ला कार्य समितिका अध्यक्ष हुनुहन्छ) बर्गीय संगठन अन्तरगत

महिला संघ जिल्ला कार्य समिति निर्वाचित अध्यक्ष श्री मती टिकादेवी घले मगरले जिल्लाको प्रतिनिधित्व गरिसक्नु भएको छ। सांसद बन्ने यहाँका मगरहरूलाई सौभाग्य मिलेको छैन। २०२८ सालमा रा. प. स. को निर्वाचनमा धनबहादुर राना मगर ४ मतले पराजीत हुनुभएको थियो। २०४३ सालमा रा. प. स. को निर्वाचनमा प्रतिद्वन्दीको रूपमा दानबहादुर घले मगर रहनु भएको थियो। प्रजातन्त्रको उदयपछि संसदमा पुग्नुको सट्टा जिल्ला विकास समितिमा एउटै रहेको छैन, २०४९ सालमा भएको स्थानीय निर्वाचनमा ५१७ सिटमा १०७ सिट २०.६९% विभिन्न पार्टीबाट मगरहरू निर्वाचित भएका छन्। ४७ वटा निम्न गा. वि. स. बाट निर्वाचित भएर आएका सदस्यहरूको नामावली यस प्रकार छन् :

| गा.वि.स. | | नाम | वडा नं. | पद | पार्टी | परिणाम |
|---|---|---|---|---|---|---|
| (१) देउरी | १ | मिनबहादुर मगर | ५ | सदस्य | ने.का. | निर्वाचित |
| (२) गाइघाट | -- | --------- | – | – | – | --- |
| (३) खाँबु | २ | निन्द्रबहादुर मगर | ८ | अध्यक्ष | " " | निर्विरोध |
| " | ३ | खम्बबहादुर " | २ | सदस्य | " " | निर्वाचित |
| " | ४ | लोकबहादुर " | ३ | " | " " | " |
| " | ५ | हिमबहादुर " | ६ | " | ए.मा.ले. | " |
| " | ६ | होमबहादुर " | ७ | " | ने.का. | " |
| (४) जोगीदह | ७ | | | | | |
| (५) साउने | ७ | धमानसिंह मगर | ५ | उपाध्यक्ष | ने.का. | " |
| " | ८ | सेखबहादुर " | १ | सदस्य | स्वतन्त्र | " |
| " | ९ | गणेशबहादुर " | ४ | " | " | " |
| " | १० | दुर्गाबहादुर " | ५ | " | " | " |
| " | ११ | टंकबहादुर " | ९ | " | ने.का. | " |
| (६) बेलटार | -- | --------- | – | – | – | --- |
| (७) चौदण्डी | -- | --------- | – | – | – | --- |
| (८) हडिया | -- | --------- | – | – | – | --- |
| (९) सिद्धीपुर | १२ | शुक्रबहादुर मगर | ५ | उपाध्यक्ष | ए.मा.ले. | " |
| " | १३ | खम्बबहादुर " | २ | सदस्य | स्वतन्त्र १५ सेप्टेम्बर | " |
| " | १४ | मानबहादुर " | ४ | " | ए.मा.ले. | निर्वाचित |
| " | १५ | मकरबहादुर " | ५ | " | " | " |
| " | १६ | अविरमान " | ६ | " | स्वतन्त्र | " |
| " | १७ | नारायण थापा " | ८ | " | " | निर्विरोध |
| (१०) सुन्दरपुर | -- | --------- | – | – | – | --- |
| (११) बसाहा | १८ | खम्बरबहादुर थापा " | ३ | उपाध्यक्ष | ए.मा.ले. | निर्वाचित |
| " | १९ | भक्तबहादुर पुलामी " | १ | सदस्य | ने.का. | " |
| (१२) कटुञ्जे, (बबला) | २० | पुर्णबहादुर थापा " | १ | उपाध्यक्ष | " | " |
| " | २१ | भिमबहादुर " | १ | सदस्य | ए.मा.ले. | " |
| " | २२ | भक्तबहादुर " | २ | " | ने.का. | " |
| (१३) मैनामैनी | -- | --------- | – | – | – | --- |
| (१४) तपेश्वरी | -- | --------- | – | – | – | --- |
| (१५) रामपुर, (ठोकसीला) | | -- ----- | – | – | – | --- |
| (१६) जाल्पा, (चिलाउने) | २३ | बलबहादुर राना " | २ | " | " | " |
| " | २४ | हस्तबहादुर मर्स्याङ्गी " | ६ | " | ए.मा.ले. | " |
| " | २५ | भक्तबहादुर " | ७ | " | ने.का. | निर्विरोध |
| " | २६ | रामबहादुर क्याप्छाकी | ८ | " | ए.मा.ले. | " |
| (१७) भुमरसुवा | २७ | भिमबहादुर पुलामी " | ९ | अध्यक्ष | ने.का. | निर्वाचित |
| (१८) आँपटार | २८ | गुमान सिं " | २ | सदस्य | " | " |
| " | २९ | भिमबहादुर " | ५ | " | " | " |
| " | ३० | जितबहादुर " | ७ | " | " | " |



2014 12 31

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (१९) लाफा गाउँ | — | --------- | – | – | – | --- |
| (२०) पोखरी | ३१ | पदमबहादुर " | ७ | " | ए.मा.ले. | " |
| " | ३२ | नृपबहादुर रिखाम " | ८ | " | " | " |
| (२१) डुम्रे | ३३ | तिलकबहादुर गरञ्जा | २ | अध्यक्ष | ने.का. | " |
| " | ३४ | कुलबहादुर " | २ | सदस्य | " | " |
| " | ३५ | धनबहादुर थापा " | १ | " | स्वतन्त्र | " |
| " | ३६ | श्रीमती टिकादेवी घले | ७ | " | रा.प्र.पा. | निर्विरोध |
| " | ३७ | क्षेत्रबहादुर " | ८ | " | ने.का. | निर्वाचित |
| (२२) कटारी | — | --------- | – | – | – | --- |
| (२३) पंचावती | ३८ | अर्थबहादुर " | ७ | सदस्य | " | " |
| " | ३९ | भद्रबहादुर " | ८ | " | " | " |
| (२४) रिस्कु | ४० | चन्द्रबहादुर " | ६ | " | " | " |
| " | ४१ | कृष्णबहादुर " | ९ | " | " | " |
| (२५) त्रिवेणी | ४२ | मिनबहादुर यस्माली " | ४ | अध्यक्ष | " | " |
| " | ४३ | गणेशबहादुर थापा " | १ | सदस्य | " | " |
| " | ४४ | अमरबहादुर खपाङ्गी " | ४ | " | " | " |
| (२६) हर्देनी | ४५ | विरबहादुर " | ८ | " | " | " |
| (२७) बाराहा | ४६ | छत्रबहादुर थापा " | ९ | उपाध्यक्ष | ए.मा.ले. | " |
| " | ४७ | बमबहादुर " | ४ | सदस्य | " | " |
| " | ४८ | तलीलमान " | ६ | " | ने.का. | " |
| " | ४९ | भिमबहादुर समाल " | ९ | " | ए.मा.ले. | " |
| (२८) बलम्ता | — | --------- | – | – | – | --- |
| (२९) बाँसबोटे | — | --------- | – | – | – | --- |
| (३०) रूपाटार | ५० | प्रेमबहादुर थापा " | १ | " | " | " |
| " | ५१ | भलबहादुर " | ३ | " | ने.का. | " |
| (३१) ताम्लिछा | ५२ | नन्दध्वज आले " | ६ | " | ए.मा.ले. | " |
| (३२) ठाना गाउँ | ५३ | धनविर " | १ | " | ने.का. | " |
| " | ५४ | डिकबहादुर " | ९ | " | " | " |
| (३३) भलायाडाँडा | ५५ | पदमबहादुर खपाङ्गी " | १ | अध्यक्ष | " | निर्विरोध |
| " | ५६ | कुलबहादुर " " | ३ | सदस्य | " | " |
| " | ५७ | जगतबहादुर " " | ९ | " | " | " |
| (३४) रौताहा | ५८ | बिष्णुबहादुर राना " | ३ | अध्यक्ष | ए.मा.ले. | निर्वाचित |
| " | ५९ | मिनबहादुर मर्स्याङ्गी " | १ | सदस्य | ने.का. | " |
| " | ६० | कुलबहादुर पुलामी " | २ | " | " | " |
| " | ६१ | शेरबहादुर राना " | ३ | " | ए.मा.ले. | " |
| " | ६२ | मक्करबहादुर रिखाम | ४ | " | " | " |
| " | ६३ | मानबहादुर मिरीचीङ | ५ | " | " | " |
| " | ६४ | गंगाबहादुर राना " | ६ | " | ने.का. | " |
| " | ६५ | रणबहादुर लाह्यो " | ७ | " | " | " |
| " | ६६ | पृथ्वीबहादुर " " | ८ | " | " | " |
| " | ६७ | डम्बरबहादुर बलम्पाकी ९ | " | ए.मा.ले. | " | |
| (३५) लेखानी | ६८ | भिमबहादुर थापा " | | उपाध्यक्ष | ने.का. | " |
| " | ६९ | बुद्धिमान राना " | १ | सदस्य | स्वतन्त्र | " |
| " | ७० | बमबहादुर मगर | ३ | " | ने.का. | निर्विरोध |
| " | ७१ | कालिदास खपतरी " | ६ | " | " | " |
| " | ७२ | खिलबहादुर कालिकोटे | ८ | " | " | " |
| (३६) मयाँखु | ७३ | भिमबहादुर खपतरी " | २ | " | " | निर्वाचित |
| " | ७४ | प्रेमबहादुर " " | ८ | " | " | " |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| " | ७५ | भक्तबहादुर मगर | ९ | " | " | निर्बिरोध |
| (३७) सिरिसे | ७६ | मानबहादुर थापा " | २ | " | " | निर्वाचित |
| " | ७७ | पदमबहादुर बलम्पाकी | २ | " | " | " |
| " | ७८ | कर्णबहादुर थापा " | ४ | " | स्वतन्त्र | निर्बिरोध |
| " | ७९ | बंशविर बलम्पाकी " | ५ | " | स.ज.मो. | निर्वाचित |
| " | ८० | भिमबहादुर आले " | ६ | " | ने.का. | " |
| (३८) सोरूङ, (छब्बिस) | ८१ | लवकुश राना " | ७ | " | स.ज.मो. | " |
| (३९) बर्रे | ८२ | डिकबहादुर " | २ | " | ए.मा.ले. | " |
| " | ८३ | टेकबहादुर " | ४ | " | " | " |
| " | ८४ | धमानसिं लुङगेली " | ६ | " | " | " |
| (४०) इनामे | ८५ | पदमबहादुर " | ४ | अध्यक्ष | ने.का. | " |
| " | ८६ | गडुलध्वज रैका " | १ | उपाध्यक्ष | " | " |
| " | ८७ | गंगाबहादुर खपाङ्गी " | २ | सदस्य | " | " |
| " | ८८ | कुलबहादुर " | ३ | " | ए.मा.ले. | " |
| " | ८९ | रत्नबहादुर मसराङ्गी " ४ | " | ने.का. | निर्बिरोध | |
| " | ९० | पदमबहादुर " | ८ | " | " | " |
| (४१) लेखगाउँ | ९१ | गंगबहादुर आले " | ५ | " | " | निर्वाचित |
| " | ९२ | लिलबहादुर आले " | ६ | " | " | " |
| (४२) लिम्फाटार | ९३ | तेजबहादुर " | ७ | " | स.ज.मो. | " |
| " | ९४ | प्रेमबहादुर " | ८ | " | " | निर्बिरोध |
| " | ९५ | डिकबहादुर " | ९ | " | ने.का. | निर्वाचित |
| (४३) ओखले | ९६ | दलबहादुर " | ७ | अध्यक्ष | " | " |
| " | ९७ | टेकबहादुर " | २ | सदस्य | " | " |
| " | ९८ | लालबहादुर " | ३ | " | " | " |
| " | ९९ | टेकबहादुर सुस्लिङ " | ४ | " | " | " |
| (४४) तावाश्री | १०० | मोहनबहादुर क्याप्छाकी | ६ | अध्यक्ष | ए.मा.ले. | " |
| " | १०१ | भक्तबहादुर थापा " | १ | सदस्य | " | " |
| " | १०२ | पहलमान आले " | ६ | " | " | " |
| " | १०३ | पदमबहादुर " | ९ | " | " | " |
| (४५) भुटार | १०४ | लेकबहादुर " | ३ | " | " | " |
| " | १०५ | डिकबहादुर " | ७ | " | " | " |
| (४६) जाँते | -- | -------- | – | – | – | --- |
| (४७) नामेटार | १०६ | खुशबहादुर " | ५ | उपाध्यक्ष | ने.का. | " |
| " | १०७ | नामेटार " | ४ | सदस्य | " | " |

**संकेत :**

ने.का. = नेपाली कांग्रेस, एमाले = नेपाल कम्यूनिष्ट पार्टी एकीकृत मार्क्सवाद र लेनीनवाद ।

रा.प्र.पा. = राष्ट्रिय प्रजातन्त्र पार्टी ।, स.ज.मो. = नेपाल कम्युनिष्ट पार्टी संयुक्त जनमोर्चा ।

१५ सेप्टेम्बर = नेपाल कम्युनिष्ट पार्टी संयुक्त पुष्पलाल समूह ।


## शुभ-कामना !

नव वर्ष २०५१ सालको सुखद उपलक्ष्यमा "राहा" पत्रिका प्रकाशन गर्न गइरहेको हुँदा विभिन्न रोचक तथा ज्ञान वर्द्धक सामग्री सहित पाठक समक्ष पुऱ्याउला भन्ने विश्वासका साथ सम्पूर्ण "राहा" प्रकाशक परिवारलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**-उदक राई**

बेलटार बजार -२, उदयपुर

हाल - ल.पु. सातदोबाटो, फोन नं. ५२७४५८




2014 12 31


Lafa traimasik prakashn, raahaa, april, barsa 1, ank 1, baisakh-asauj 2051